**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ अगष्ट २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१.प्रधानमन्त्री नरेन्द्र मोदी १५ औँ भारत–जापान वार्षिक शिखर सम्मेलनमा भाग लिन आज साँझ जापान को यात्राको लागी प्रस्थान गर्नुहुनेछ ।

२.केन्द्रीय मन्त्रीमंडलले हिज प्रधानमन्त्री सडक विक्रेता आत्मनिर्भर निधि -प्रधानमन्त्री स्वनिधि- योजनाको पुनर्गठनलाई मन्जुरी दिएको छ।

३.प्रधानमंत्री जन धन योजनाले आज 11 साल पुरा गरेको छ l

४.भारतीय विशिष्ट पहिचान प्राधिकरणले देशभरिका विद्यालयहरूलाई ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाकाहरुको समयमै आधार अनिवार्य बायोमेट्रिक अपडेट सुनिश्चित गर्न आह्वान गरेको छ।

५.मौसम विभागले आज छत्तीसगढ, तटीय कर्नाटक, मध्य महाराष्ट्र र उत्तराखण्डका केही स्थानमा अत्याधिक वर्षाको सम्भावना व्यक्त गरेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी - भारत-जापान वार्षिक शिखर सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदी १५ औँ भारत–जापान वार्षिक शिखर सम्मेलनमा भाग लिन आज साँझ जापान को यात्राको लागी प्रस्थान गर्नुहुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीको यो आठौं जापान यात्रा हो। जापानका प्रधानमन्त्री शिगेरु इशिबासँग उहाँको यो पहिलो शिखर बैठक हुनेछ। यात्रा का क्रममा दुवै देशका प्रधानमन्त्रीले दुई देशबीचको विशेष रणनीतिक तथा वैश्विक साझेदारीको समीक्षा गर्ने विदेश मन्त्रालयले जनाएको छ। यसमा रक्षा र सुरक्षा, व्यापार र अर्थव्यवस्था, प्रौद्योगिकी र नवाचार तथा आपसी सहयोग समावेश छन्। उहाँहरुबीच क्षेत्रीय र वैश्विक महत्वका विषयमा पनि चर्चा हुनेछ। यो यात्राले दुई देशबीचको लामो समयदेखिको आपसी सम्बन्धलाई थप मजबुत बनाउनेछ।

1BYTE-INDO -JAPAN

**केंद्रीय मंत्रिमंडल - प्रधानमंत्री स्ट्रीट वेंडर्स आत्मनिर्भर निधि - पीएम स्वनिधि योजना मंज़ूरी**

केन्द्रीय मन्त्रीमंडलले हिज प्रधानमन्त्री सडक विक्रेता आत्मनिर्भर निधि -प्रधानमन्त्री स्वनिधि- योजनाको पुनर्गठनलाई मन्जुरी दिएको छ। मन्त्रीमंडलले ऋणको समयावधि ३१ डिसेम्बर २०२४ देखि अघि बढाउन पनि मन्जुरी दिएको छ। उक्त ऋण को समयावधि ३१ मार्च २०३० सम्म बढाईएको छ। यस योजनाको कुल परिव्यय ७ हजार ३ सय ३२ करोड रुपियाँ रहेको छ। पुनर्गठित योजनाका मुख्य विशेषताहरुमा पहिलो र दोस्रो किस्तामा ऋण रकम वृद्धि, दोस्रो किस्ता तिर्ने लाभार्थीहरुका लागि यूपीआई लिंक्ड रुपे क्रेडिट कार्डको व्यवस्था र खुद्रा तथा थोक कारोबारका लागि डिजिटल क्यासब्याक इन्सेन्टिभ रहेका छन्। पहिलो किस्ताको ऋण १० हजारबाट बढाएर १५ हजार, दोस्रो किस्ताको २० हजारबाट बढाएर २५ हजार र तेस्रो किस्ताको ५० हजार कायम गरिएको छ।

**मन्त्रिमण्डल समिति- आर्थिक मामिला**

आर्थिक मामिला सम्बन्धी मन्त्रिमण्डल समितिले हिज कर्नाटक, तेलंगाना, बिहार र आसामलाई फाइदा पुर्‍याउने तीन परियोजनाहरूको बहु-ट्र्याकिङ र गुजरातको कच्छका दुर्गम क्षेत्रहरूलाई जोड्ने नयाँ रेलवे लाइनलाई अनुमोदन गरेको छ। यी परियोजनाहरूले कार्बन उत्सर्जन घटाउन र सतत एवं कुशल रेल सञ्चालनलाई प्रवर्द्धन गर्न योगदान पुर्‍याउनेछन्। परियोजनाहरूको निर्माणले लगभग २५१ लाख मानव-दिनको प्रत्यक्ष रोजगार पनि सिर्जना गर्नेछ। परियोजनाहरूले सम्पर्क बढाउन, स्वीकृत बहु-ट्र्याकिङ तीन हजार भन्दा अधिक गाउँहरू र ४७ लाखभन्दा अधिक मानिसहरूलाई फाइदा पुर्‍याउनेछन्। यसले कर्नाटक, तेलंगाना, बिहार र आसामलाई फाइदा पुर्‍याउनेछ।प्रस्तावित नयाँ लाइनको अनुमानित लागत रु. २ हजार ५ सय २६ करोड छ। यो परियोजना ३ वर्षमा पुरा हुनेछ।

**केन्द्रीय मन्त्रीमंडल -खेल**

केन्द्रीय मन्त्रिमण्डलले युवा मामिला तथा खेल मन्त्रालयको राष्ट्रमण्डल खेल बर्ष २०३० को लागि बोली लगाउने प्रस्तावलाई पनि अनुमोदन गरेको छ । सम्बन्धित मन्त्रालय, विभाग र अधिकारीहरूबाट आवश्यक ग्यारेन्टीहरू सहित होस्ट सहयोग सम्झौतामा हस्ताक्षर गर्न र बोली स्वीकृत भएमा गुजरात सरकारलाई आवश्यक अनुदान सहायता प्रदान गर्न पनि स्वीकृति दिइएको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी -फ़िनलैंड राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदी अनि फिनल्याण्डका राष्ट्रपति अलेक्जेन्डर स्टबबीच टेलिफोनमा बातचित भएको छ । श्री मोदीले सामाजिक सञ्जालमा भन्नुभएको छ - 'फिनल्याण्ड यूरोपीय संघ को महत्वपूर्ण साझेदार हो । दुवै नेताले व्यापार, प्रौद्योगिकी र स्थिरता जस्ता महत्वपूर्ण क्षेत्रमा सहयोग लाई मजबुत बनाउने उपायबारे चर्चा गर्नुभयो । उहाँहरूले युक्रेन संघर्षको शान्तिपूर्ण समाधानका लागि जारी प्रयासबारे पनि आफ्ना विचार साझा गर्नुभयो ।

**प्रधानमंत्री जन धन योजना - 11 वर्ष**

प्रधानमंत्री जन धन योजनाले आज 11 साल पुरा गरेको छ । यो विश्वको सबैभन्दा ठूलो वित्तीय समावेशीकरण पहल मध्ये एक हो। १५ अगस्त सन् २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीले लाल किल्लाको प्राचीरबाट उक्त पहलको घोषणा गर्नुभएको थियो । २८ अगस्तको कार्यक्रमको शुभारम्भ गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले यस पर्वलाई दुष्चक्रबाट गरिबको मुक्तिको उत्सवका रुपमा चित्रण गर्नुभएका थिए।

**विदेश राज्य मंत्री कीर्ति वर्धन सिंह -प्रतिशत शुल्क**

विदेश राज्यमन्त्री कीर्तिवर्द्धन सिंहले भारतीय आयातमा ५० प्रतिशत कर लगाउने अमेरिकी निर्णय अनुचित र अविवेकपूर्ण भएको बताउनु भएको छ । नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा यस विषयमा पत्रकारहरु द्वारा सोधिएको प्रश्नको जवाफ दिनुहुदै श्री सिंहले अर्थव्यवस्था बलियो भएको र सरकारले देशको हितको रक्षा गर्ने बताउनु भयो । उहाँले सरकारले देशलाई कुनै पनि हालतमा दुःख भोग्न नदिने बताउनु भयो ।

2-Byte किर्तिबर्धन सिह

**केन्द्रीय बन्दरगाह, जहाजरानी तथा जलमार्ग मन्त्री**

केन्द्रीय बन्दरगाह, जहाजरानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भारतको सामुद्रिक क्षेत्र उल्लेखनीय गतिशीलताका साथ विस्तार भइरहेको बताउनु भएको छ । भारतीय सामुद्रिक सप्ताह २०२५ को प्रारम्भिक पहल राजदूत गोलमेच लाई सम्बोधन गर्नुहुदै श्री सोनोवालले सरकारले देशको वृद्धिका लागि मात्र नभई बिश्विक विकास र आपूर्ति शृङ्खलाको लचिलोपनका लागि क्षमता निर्माण गरिरहेको बताउनु भएको छ ।

**राष्ट्रीय स्वयंसेवक संघ प्रमुख मोहन भागवत**

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का प्रमुख मोहन भागवतले अन्तर्राष्ट्रिय व्यापार स्वेच्छिक हुनुपर्ने बताउनु भएको छ । सङ्घको शतवार्षिकीका अवसरमा हिज नयाँ दिल्लीमा आयोजित व्याख्यानमालालाई सम्बोधन गर्नुहुदै श्री भागवतले आत्मनिर्भरता नै सबै समस्याको समाधान भएको बताउनु भएको छ । उहाँले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिनुभएको छ ।

**भारतीय विशिष्ट पहिचान प्राधिकरण**

भारतीय विशिष्ट पहिचान प्राधिकरणले देशभरिका विद्यालयहरूलाई ५ देखि १५ वर्ष उमेर समूहका बालबालिकाका लागि आधारको समयमै अनिवार्य बायोमेट्रिक अपडेट सुनिश्चित गर्न आह्वान गरेको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले प्राधिकरणका प्रमुख कार्यकारी अधिकारी भुवनेश कुमारले राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिवहरूलाई यस पहलको बारेमा जानकारी गराउँदै पत्र लेखेको बताएको छ।

**राष्ट्रीय आपदा मोचन बल -एनडीआरएफ - हिमाचल प्रदेश**

राष्ट्रीय आपदा मोचन बल -एनडीआरएफ ले हिमाचल प्रदेशको काँगडा र चम्बा जिल्लामा व्यापक उद्धार एव बचाउ अभियान शुरु गरेको छ। एनडीआरएफले पछिल्लो दुई दिनमा तीन हजार ७ सय भन्दा अधिक मानिसहरुको उद्धार गरेको छ। काँगडा जिल्लाको ब्यास नदीमा २६ र २७ अगस्त को मध्यरातमा पानीको बहाव बढेपछि इन्दौरा स्थित अर्नी विश्वविद्यालय परिसरलाई आफ्नो चपेटमा लिएको थियो ।

**जम्मु -रेल्वे रद्द**

जम्मू क्षेत्रमा भारी वर्षाका कारण उत्तरी रेलवेले ४५ वटा रेल रद्द गरेको छ भने २५ वटा रेल ढिलाइ भएको छ। जम्मू तवी, श्री माता वैष्णो देवी कटरा, पठानकोट र नयाँ दिल्ली रेलवे स्टेशनहरूमा मद्दत केन्द्रहरू स्थापना गरिएको छ, उत्तरी रेलवेका प्रमुख जनसम्पर्क अधिकारीले नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिएका छन् ।

**विज्ञान एवं प्रौद्योगिकी मंत्री डॉ. जितेंद्र सिंह**

विज्ञान तथा प्रविधि मन्त्री जितेन्द्र सिंहले बायो-प्रौद्योगिकी मा भारतको निवेश र नवाचार, देशलाई अन्य देशहरूको तुलनामा महत्त्वपूर्ण बडत् दिने र भविष्यमा ठूलो लाभ प्राप्त गर्ने बताउनुभएको छ। दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा डा. सिंहले सरकारको बायो–ई–३ नीतिले बायो-प्रौद्योगिकी क्षेत्रलाई युवापुस्तामाझ सबैभन्दा मनपर्ने र आकर्षक क्षेत्र बनाएको बताउनु भएको छ ।यसैबीच, राष्ट्रिय बायोफाउन्ड्री नेटवर्क अन्तर्गत, स्वदेशी जैविक फोहोर उत्पादनको विकास र सीप विकासलाई प्रवर्द्धन गर्न ६ वटा संस्थानको उद्घाटन गरिएको छ।

3-BYTE-जितेन्द्र सिंह

**छत्तीसगढ-माओवादी**

छत्तीसगढको बीजापुर जिल्लामा हिज तीस जना माओवादीले आत्मसमर्पण गरेको छ ।पुलिस अधिक्षक जितेन्द्र यादवले यी २० जना माओवादीलाई ८१ लाख रुपैयाँ नगद पुरस्कार घोषणा गरिएको बताउनु भयो।

4-BYTE-माओबादी

**मौसम**

**मौसम विभागले आज छत्तीसगढ, तटीय कर्नाटक, मध्य महाराष्ट्र र उत्तराखण्डका केही स्थानमा भारी देखि अति भारी वर्षाको सम्भावना व्यक्त गरेको छ । आगामी २ देखि ३ दिनसम्म ओडिसा, विदर्भ, मध्य प्रदेश, उप-हिमालयी पश्चिम बङ्गाल, सिक्किम र झारखण्डका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।**